**आकाशवाणी समाचार- नेपाली**

मितिः २९ अप्रेल

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. प्रधान मन्त्री नरेन्द्र मोदीले उत्तर प्रदेशको आफ्नो दुई दिने भ्रमणको दोस्रो दिन आज हरदोईमा गंगा एक्सप्रेसवेको उद्घाटन गर्नुहुनेछ।

२. पश्चिम बङ्गालमा विधानसभा चुनावको दोस्रो र अन्तिम चरणको मतदान १४२ सिटहरूमा आज कडा सुरक्षाको साथमा जारी रहेको छ।

३. पश्चिम बंगालका राज्यपाल आरएन रविले राज्यका मतदाताहरूलाई लोकतन्त्रको दोस्रो र अन्तिम चरणको उत्सवमा सहभागी हुन अपील गर्नुभयो।

४. राज्यमा अन्तिम चरणको मतदानको क्रममा कानून र व्यवस्था सुनिश्चित गर्न अर्धसैनिक बलहरूको साथमा राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) पनि सक्रिय पारिएको छ।

५. पूर्वोत्तर भारतीय रेलवेले १०० वर्ष पुरानो दार्जिलिङ हिमालयन रेलवेको स्टीम इन्जिनलाई पुनः संचालन गर्न सफल भएको छ।

**प्रधानमंत्री उत्तरप्रदेश**

प्रधान मन्त्री नरेन्द्र मोदीले उत्तर प्रदेशको आफ्नो दुई दिने भ्रमणको दोस्रो दिन आज हरदोईमा गंगा एक्सप्रेसवेको उद्घाटन गर्नुहुनेछ। सो अवसरमा उहाको जनसभालाई सम्बोधन गर्ने कार्यक्रम छ । यो ५९० किलोमिटर लामो, छ लेनको गंगा एक्सप्रेसवे एक ग्रीनफिल्ड हाई-स्पीड कोरिडोर हो जो लगभग करिब ३६ हजार २ सय ३० करोड रुपैयाँको लागतमा निर्मित द्रुत गतिको मार्ग हो।

**विधानसभा चुनाव**

पश्चिम बंगालमा विधानसभा चुनावको दोस्रो र अन्तिम चरणमा आज १४२ विधानसभा सिटका लागि मतदान कडा सुरक्षा बीच हुँदैछ । अन्तिम चरणमा राजधानी कोलकाता सहित उत्तर २४ परगना, दक्षिण २४ परगना, हावडा, हुगली, नादिया र पूर्व बर्धमान जिल्लामा मतदान हुँदैछ ।

***यस चरणमा कुल एक हजार ४४८ उम्मेदवार चुनावी मैदानमा छन् । भारतीय जनता पार्टी (भाजपा) ले १४१ सिटमा उम्मेदवारी दिएका छन् भने तृणमूल कांग्रेस तथा कांग्रेसले १४२ सिटमा उम्मेदवारी दिएका छन् । निर्वाचन आयोगको तथ्यांकअनुसार दोस्रो चरणका लागि १४६३ जनाको नामांकन दर्ता भएको थियो । यीमध्ये १५ जनाको नामांकन दर्ता रद्द भएको थियो । दक्षिण २४ परगनाको भांगड़ विधानसभा क्षेत्रमा सबैभन्दा अधिक १९ उम्मेदवारहरू चुनाव लड्दैछन् भने सबैभन्दा कम पाँच उम्मेदवारहरू हुगलीको गोघाट (एससी) सीटबाट प्रतिस्पर्धा गरिरहेका छन्। यस चरणमा आठ जिल्लामा एक करोड ६४ लाख ३५ हजार ६२७ पुरुष र १ करोड ५७ लाख ३७ हजार ४१८ महिला र ७९२ तेस्रोलिङ्गी मतदाता गरी कुल ३ करोड २१ लाख ७३ हजार ८३७ मतदाता मतदान गर्न पाउने छन् । यो चरणमा सबैको नजर कोलकाताको भवानीपुर विधानसभा सिटमा केन्द्रित छ, जहाँ मुख्यमन्त्री ममता बनर्जीले विपक्षी नेता तथा भारतीय जनता पार्टीका उम्मेदवार शुभेन्दु अधिकारीसँग प्रतिस्पर्धा गरिरहेकी छिन् । सन् २०२१ को चुनावमा नन्दीग्राममा यी दुईबीच कडा प्रतिस्पर्धा भएको थियो, जसमा शुभेन्दु अधिकारीले जितेका थिए । चुनाव आयोगले शान्तिपूर्ण र निष्पक्ष मतदान सुनिश्चित गर्न व्यापक इंतजाम गरेको छ। केन्द्रीय अर्धसैनिक बलहरू लगभग सबै मतदान केन्द्रहरूमा तैनाथ गरिएको छ र संवेदनशील र अति संवेदनशील मतदान केन्द्रहरूमा विशेष सतर्कता अपनाइएको छ। वेबकास्टिंग, सीसीटीभी निगरानीको माध्यमबाट शान्तिपूर्ण र निष्पक्ष मतदान सुनिश्चित गर्ने प्रयास भइरहेको छ। निर्वाचन आयोगका स्रोतका अनुसार उत्तर २४ परगना***

***जिल्लामा कुल ५०७ कम्पनी तैनाथ गरिएको छ। त्यस्तै शान्तिपूर्ण र निष्पक्ष मतदान सुनिश्चित गर्न अन्य जिल्लाहरूमा पनि व्यापक सुरक्षा व्यवस्था गरिएको छ। २३अप्रिलमा पहिलो चरणमा राज्यका १५२ विधानसभा सिटमा मतदान भएको थियो, जसमा ९२ प्रतिशतभन्दा बढी मतदान भएको थियो। मतगणना ४ मेमा हुनेछ।***

**राज्यपाल**

पश्चिम बंगालका राज्यपाल आरएन रविले राज्यका मतदाताहरूलाई लोकतन्त्रको दोस्रो र अन्तिम चरणको उत्सवमा सहभागी हुन अपील गर्नुभयो। उहाले युवा, महिला र पहिलो पटक मतदान गर्ने मतदातालाई मतदानमा भाग लिन आग्रह गर्नुभयो। लोकभवनले जारी गरेको विशेष सन्देशमा राज्यपाल आर.एन. रविले भन्नुभयो, 'पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो र अन्तिम चरणको मतदान हुन लागेको छ। लोकतन्त्रको यस पर्वमा उत्साहपूर्वक सहभागी हुन म सबै मतदाताहरूलाई अपिल गर्दछु। म युवा शक्ति, महिला शक्ति र विशेष गरी पश्चिम बंगालका नयाँ मतदाताहरूलाई ठूलो संख्यामा बाहिर आउन र मतदान गर्न अनुरोध गर्दछु। हरेक भोट निकै महत्वपूर्ण हुन्छ। यसले पश्चिम बङ्गालको भविष्य निर्माण गर्न र लोकतन्त्र र विधिको शासनलाई अझ बलियो बनाउन मद्दत गर्नेछ। यसैबीच राज्यपालले स्वतंत्र, निष्पक्ष र भयमुक्त चुनाव सुनिश्चित गर्न लोकभवनद्वारा २४ घण्टे नागरिक हेल्पलाइन सेवालाई जारी राखेको जानकारी पनि दिनुभयो। लोकभवनले 24x7 नागरिक सहायता केन्द्रको समयसीमा १० मे २०२६ सम्म बढायो यस्तै निर्वाचन आयोगले पश्चिम बंगालमा दोस्रो र अन्तिम चरणको विधानसभा चुनावका लागि व्यापक सुरक्षा व्यवस्था गरेको तथा मतदाताहरूलाई निडर भएर आफ्नो मत खसाल्ने र लोकतन्त्रको यस महान पर्वमा सहभागी हुने मुख्य निर्वाचन आयुक्तले आश्वासन दिनुभएको छ।

**अंतिम चरण एनआईए**

पश्चिम बंगालमा अन्तिम चरणको मतदानको क्रममा कानून र व्यवस्था सुनिश्चित गर्न अर्धसैनिक बलहरूको साथमा राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) पनि सक्रिय पारिएको छ। निष्पक्ष र शान्तिपूर्ण मतदान सुनिश्चित गर्न, केन्द्रीय बल वा बख्तरबंद गाडीहरू मात्र होइन, एनआईए जस्तो देशको राष्ट्रिय एजेन्सी विभिन्न टोलीहरूमा विभाजित भएर संवेदनशील क्षेत्रहरूमा पुगेका छन। अति संवेदनशील क्षेत्रमा शान्ति सुरक्षा कायम गर्न आवश्यक पूर्वाधारस्वरुप सातवटै जिल्लाका संवेदनशील क्षेत्रको निगरानी गर्ने जिम्मेवारी आयोगलाई दिइएको आयोगले जनाएको छ। प्राप्त जानकारीअनुसार हिजो दिउँसो नै एनआइएको टोली सबैजसो जिल्लाका संवेदनशील क्षेत्रमा पुगेको थियो। यो तैनाथी मुख्यतया आपराधिक इतिहास भएका क्षेत्रमा भइरहेको छ। एनआई स्रोतका अनुसार उनीहरूले पहिले नै सावधानीका उपायहरूमा नजर राखेका छन्। यदि कतै बम विस्फोट वा फायरिंगको घटना भयो भने उनीहरुले त्यसमाथि नजर राख्छन्। निर्वाचन आयोग स्रोतका अनुसार मतदानका क्रममा विशेष निगरानी राख्न राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) को प्रयोग भइरहेको छ।

**शिकायत**

फालतामा एक महिलाले आईपीएस अधिकारी अजय पाल शर्मा र केन्द्रीय बलमाथि गम्भीर आरोप लगाउँदै पुलिसमा शिकायत दिएकी छिन्। शिकायतका अनुसार २७ अप्रिलको अबेर राति केही व्यक्तिहरू सीआरपीएफको सदस्य भएको भेम्बर बिना घरभित्र पसे, परिवारलाई कुटपिट गरे र महिलाहरूसँग दुर्व्यवहार गरे। आरोपीले आफूलाई राजनीतिक दलको पक्षमा मतदान गर्न दबाब र धम्की दिएको पीडितले आरोप लगाएकी छिन्। निर्वाचन ड्युटीमा रहेका आइपीएस अधिकारीको भूमिकाबारे पनि निष्पक्ष छानबिन गर्न माग गरिएको छ। महिलाले एफआइआर दर्ता गर्दै दोषीविरुद्ध कडा कारबाही गर्न र सुरक्षा सुनिश्चित गर्न अपिल गरेकी छिन्।

**DHR - 100yrs Steam Engine**

पूर्वोत्तर भारतीय रेलवेले १०० वर्ष पुरानो दार्जिलिङ हिमालयन रेलवेको स्टीम इन्जिनलाई पुनः संचालन गर्न सफल भएको छ। असमको न्यु बोगाईगाउँमा रहेको रेलवे कारखानामा यस ऐतिहासिक इन्जिनको पुन संचालन कार्य सम्पन्न गरियो। स्मरण रहोस् यस इन्जिनको निर्माण १९२७ मा ब्रिटेनको Glasgow मा North British Locomotive Company ले गरेको थियो। आधुनिक तकनिकीको साथ यस धरोहर इन्जिनको पुनः संचालन गर्नाले बढी संख्यामा पर्यटकहरूलाई आकर्षित गर्नेछ। भारतीय रेलवेको इतिहासमा यसले एउटा स्वर्णिम अध्याय जोडेको छ। ४ जुलाई १८८१ मा सिलगढी देखि दार्जिलिङ बीच रेल सेवा शुरू गरिएको थियो। त्यसताक देखि अहिले सम्म दार्जिलिङ हिमालयन

रेलवेले निरन्तर रूपमा आफ्नो ७८ किमि ट्र्याक संचालित गर्दै आएको छ। दुवै स्टीम तथा डिजल इन्जिनहरू संचालनमा छन्। स्टीम इन्जिनले चल्ने यस रेलहरू देश-विदेशका पर्यटकहरूका लागि निकै आकर्षणको केन्द्र रहेका छन्। UNESCO ले ५ दिसम्बर १९९९ मा दार्जिलिङ हिमालयन रेलवेलाई विश्व धरोहर घोषित गर्यो। २०१४ पछि केन्द्र सरकारको पहलमा रेलवेले दार्जिलिङ हिमालयन रेलको विकासमा विशेष ध्यान दिएको छ। अहिले तीनवटा विशेष ट्राएल ट्रेनहरू पनि संचालनमा छन्।